**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ मार्च २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- लोकसभाले अप्रवासी तथा विदेशी २०२५ लाई पारित गरेको छ। चर्चाको उत्तर दिन्दै गृहमंत्री शाहले भन्नुभयो - यस विधेयकले राष्ट्रिय सुरक्षालाई सुदृढ़ पार्नेछ।
- राज्य सभाले हिजो केन्द्रिय बजट २०२५-२६ लाई अनुमोदन गरयो।
- विदेश मंत्री ड़ा. एस. जयशंकरले भारत -रूसको भूराजनीतिक क्षेत्र जटिल रहेकोले दुवै देशबीचको रणनीतिक साझेदारीलाई थप बलियो पार्ने कुरामाथि जोर दिनुभयो।
- रक्षामंत्रालयले नाग मिसाईल प्रणाली - नामिस, एउटा टैंक रोधी हतियार प्लेटफार्म अनि ५ हजार हल्का वाहन खरीदका लागि २,५०० करोड़ रूपियाँको सम्झौता माथि हस्ताक्षर गरेको छ।
- जम्मू काश्मीरको कहुआ जिल्लामा सुरक्षा बलहरूसितको भिड़न्तमा तीन आतंकवादीहरू मारिएका छन्।
- हिजो राति खेलिएको आईपीएल म्याचमा लखनऊले हैदराबादलाई ५ विकेटले पराजित गरयो।

**लोकसभाले आप्रवासी तथा विदेशी विधेयक**

लोकसभाले आप्रवासी तथा विदेशी विधेयक- 2025 पारित गरेको छ। यो विधेयकले अध्यागमन कानूनलाई आधुनिकीकरण गर्ने लक्ष्य राखेको छ। यसले पासपोर्ट, यात्रा दस्तावेज, वीजा पंजीकरण  आदिको सम्बन्धमा केन्द्र सरकारलाई केही अधिकार प्रदान गर्ने व्यवस्था गरेको छ। यो विधेयक  कानूनहरूको अधिकता र परस्पर-  व्याप्तताबाट बच्न ल्याइएको हो। गृहमन्त्री अमित शाहले भन्नु भयो कि यो विधेयक राष्ट्रिय सुरक्षालाई सुदृढ पार्न, भारतीय विश्वविद्यालयहरूको लागि वैश्विक बेन्चमार्क सुनिश्चित गर्न र अनुसन्धान, विकास र निर्माणको लागि पूर्वाधार विकाश गर्न महत्त्वपूर्ण छ।

Byte - AMIT SHAH

गृहमन्त्रीले भन्नु भयो कि भारतले आप्रवासीहरूलाई स्वागत र संरक्षण गर्ने लामो इतिहास राखेको छ।

****** ० ******

**राज्ससभा  वित्त विधेयक - 2025**

संसदले केन्द्रीय बजेट 2025-26 लाई अनुमोदन गरेको छ। राज्यसभाले चर्चा पछि  वित्त विधेयक-2025 र विनियोग विधेयक संख्या-तीन -2025 लोकसभामा फिर्ता गरेको छ। यस सँगै 2025-26 को बजेट प्रक्रिया पूरा भएको छ। लोकसभाले मंगलबार यसलाई  स्वीकृति दिएको थियो । वित्त विधेयकको उद्देश्य वित्त वर्ष 2025-26 को लागि केन्द्र सरकारको वित्तीय प्रस्तावहरूलाई स्वीकृति प्रदान गर्नु हो। चर्चाको जवाब दिनु हुदै वित्तमन्त्री निर्मला सीतारमणले वित्त विधेयक 2025 ले कर निश्चितता ल्याउने, व्यापारमा सुगमतालाई बढावा दिन र भारतीय करदाताहरूलाई सम्मान गर्ने लक्ष्य राखेको बताउनु भयो। उहाँले भन्नु भयो नयाँ आयकर स्ल्याबहरूले सरलीकरण ल्याएको छ। विधेयकले औद्योगिक सामानहरूमा केही सीमा शुल्क दरहरू हटाउने प्रस्ताव गरेको छ। मन्त्रीले भन्नु भयो धेरै भारतीय निर्यातहरू प्रतिस्पर्धी बन्ने छन्।  वित्त विधेयकको एक प्रमुख विशेषता स्रोतमा कर कटौती र टीडीएस दरलाई तर्कसंगत बनाउनु  हो |

****** ० ******

**प्रधानमंत्री-बेल्जियम किंग**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज बेल्जियम नरेश फिलिप संग फोनमा कुराकानी गर्नु भयो । प्रधानमंत्री श्री मोदीले भन्नु भयो उहाले द्विपक्षीय संबंधलाई सुद्रिड पर्ने, व्यापार अनि निवेशलाई बढ़ावा दिने तथा नवाचारमा सहयोगलाई अघि बढाउने विषयमा चर्चा गर्नु भयो । प्रधानमंत्री नरेन्द्र मोदीले हालैमा राजकुमारी एस्ट्रिडको नेतृत्वमा भारत आएका बेल्जियम आर्थिक मिशनको पनि सराहना गर्नु भयो।

****** ० ******

## डा.जयशंकर -रूस साझेदारी

भारतका विदेशमंत्री डा.एस.जयशंकरले भारत- रूस रणनीतिक साझेदारीको महत्वको उल्लेख गर्दै भन्नु भयो – दुवै देश बीचको सहभागितालाई अझ गहिरो गरिनेछ कारण दुवैको भूराजनीतिक संरचना जटिल छ। भारतीय दुतावासद्वारा मास्कोमा आयोजित रूस-भारत नयाँ द्वीपक्षीय एजेण्डा सम्मेलनलाई सम्बोधित गर्दै श्री जयशंकरले सो कुरा भीडियो कन्फरेन्स मार्फत भन्नु भयो। यो सम्मेलन रूस स्थित भारतीय दूतावास अनि रसिया परिषदले आयोजित गरेको थियो। जयशंकरले 2030 सम्ममा भारत -रूस द्वीपक्षीय व्यापार 100 अरब डलर सम्म पूग्ने बताउनु भयो। उहाँले भारत -रूस प्रचीन गहिरो सांस्कृतिक सम्बन्धको पनि उल्लेख गर्नु भयो। सो सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाफने तथा दुवै देशका जानता बाचको सम्ब्नधलाई बलियो बनाउने कुरा माथि जोर दिनु भयो। भारत अनि रूस बीच ऊर्जा, रक्षा तथा कृषि सहित विभिन्न क्षेत्रमा उदयमान प्रौद्यौगिकीबारे सहयोगलाई थप बढाउने महत्वमाथि श्री जयशंकरले जोर दिनु भयो। उहाँले भारत-रूस बीचको विशेष अनि प्राथमिकता युक्त रणनीतिक साझेदारीले दुवै बीचको विदेशनीतिलाई साझा गर्दछ भन्दै यसलाई निरन्तरता दिनु पर्छ भन्नु भयो।

****** ० ******

## विदेश मंत्री-जापान प्रतिनिधिमंडल

विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले हिज दिल्लीमा **जापान एसोसिएशन ऑफ कॉरपोरेट एग्जीक्यूटिव्स केइज़ाई दोयुकाई** प्रतिनिधिमंडलको अगुवाई गर्नु भयो, जसको नेतृत्व अध्यक्ष **ताकेशी निनामीले** गर्नु भयो । विदेश मंत्री श्री जयशंकरले प्रतिनिधिमंडलको भारत यात्राको सकारात्मक पक्षहरु माथि प्रकाश पर्नु भयो। डॉ. जयशंकरले शासन, बुनियादी ढांचा अनि व्यापारमा सुगमताको क्षेत्रमा भारतमा भइ रहेको परिवर्तनहरु साझा गर्नु भयो। श्री जयशंकरले विश्वास व्यक्त गर्नु भयो कि केइज़ाई दोयुकाईले भारत-जापान संबंधलाई अझै ऊंचाइ सम्म लैजानमा उत्प्रेरकको भूमिका निभाउनेछ।

****** ० ******

## कोइला तथा खानी मन्त्री जी किशन रेड्डी-लिलामी

नयाँ दिल्लीमा वाणिज्यिक कोइला खानी लिलामीको १२ औं किस्ताको शुभारम्भ हिज कोइला तथा खानी मन्त्री जी किशन रेड्डीले गर्नुभयो। श्री रेड्डीले भारतको कोइला क्षेत्रले चालू वित्त वर्षमा एक अर्ब टन कोइला उत्पादन पार गर्दै ऐतिहासिक लक्ष्य हासिल गरेको बताउनु भयो । उहाँले भन्नुभयो 'भारतसँग विश्वको पाँचौं सबैभन्दा ठूलो भूगर्भीय कोइला भण्डार छ र यो दोस्रो सबैभन्दा ठूलो कोइला उत्पादक र उपभोक्ता पनि हो।

BYTE - जी किशन रेड्डी

निजी क्षेत्रको सहभागिता र नयाँ तकनिकी अनुकूलनले यस क्षेत्रलाई पूर्णरुपमा परिवर्तन गरेको उहाँले बताउनु भयो । श्री रेड्डीले एघारौ औं राउन्ड सम्म, कुल 125 कोइला खानीहरू सफलतापूर्वक लिलाम गरिएको थियो, जसले 40 हजार करोड भन्दा अधिक निवेश आकर्षित गर्ने र 4 लाख प्रत्यक्ष र अप्रत्यक्ष रोजगार सिर्जना गर्ने अपेक्षा गरिएको बताउनु भयो। देशको ७२ प्रतिशत विद्युत् यही क्षेत्रबाट उत्पादन हुने गरेको उहाँले बताउनु भयो ।

****** ० ******

## रक्षा मंत्रालय नाग मिसाइल सिस्टम - नामिस,

रक्षा मन्त्रालयले नग मिसाइल सिस्टम - नामिस, एक टैंक-रोधी हथियार प्लेटफर्म र ५ हजार हल्का वाहन खरिदका लागि दुई हजार ५ सय करोड़ रुपियाँको सम्झौतामा हस्ताक्षर गरेको छ। मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नामिस र हलुका वाहनहरुको खरिदले स्वदेशीकरण र राष्ट्रिय रक्षा उपकरण निर्माण क्षमतामा वृद्धि गर्नेछ। यी परियोजनाहरूमा रक्षा उपकरणहरूको उत्पादनको माध्यमबाट सूक्ष्म, साना र मध्यम उद्यमहरू (एम.एस.एम.ई) क्षेत्रलाई प्रोत्साहित गरेर प्रत्यक्ष र अप्रत्यक्ष रोजगार सिर्जना गर्ने प्रचुर सम्भावना रहेको छ। नयाँ दिल्लीमा रक्षा सचिव राजेशकुमार सिंहको उपस्थितिमा सम्झौतामा हस्ताक्षर भएको हो। नामिस दुश्मनको कवच विरुद्ध सबैभन्दा परिष्कृत

टैंक-रोधी हतियार प्रणालीहरू मध्ये एक हो। यो यान्त्रिक इन्फेन्ट्रीको टैंक-रोधी क्षमताको आधुनिकीकरणमा एक माइलखुट्टी हो जसले विभिन्न कारवाईहरूमा भारतीय सेनाको परिचालन तत्परता बढनेछ।

****** ० ******

**जम्मू-कश्मीर मुठभेड-कठुआ**

जम्मू-कश्मीरमा गए राती कठुआ जिल्लाको सुफैन वन्य क्षेत्रमा भएको मुठभेड़मा तीन आतंकी मारिएका छन् । घटनामा सुरक्षा बलको तीन जवानको ज्यान गएको छ अनि एक पुलिस उपाधीक्षक तथा एक पैरा कमांडो सहित चार अन्य सुरक्षाकर्मी घायल भएका छन् । घाइतेहरुलाई अस्पतालमा भर्ती गरिएको छ।

****** ० ******

**जम्मू-कश्मीर -मंत्रिमंडल**

जम्मू-कश्मीर मंत्रिमंडलले राज्यमा प्रमुख बजट घोषणाहरुको कार्यान्वयनलाई मंजूरी दिएकोछ । मुख्यमंत्री उमर अब्दुल्लाले आफ्नो बजट भाषणमा प्रधानमंत्री सूर्य घर मुफ्त बिजली योजना अंतर्गत **अंत्योदय अन्न योजना** परिवारहरुको लागि 200 यूनिट निशुल्क बिजली अनि 10 किलो निशुल्क खाद्यान्न प्रदान गर्ने घोषणा गर्नु भएको थियो ।

****** ० ******

**आइपीएल क्रिकेट**

हैदरावादको राजीव गाँधी अन्तर्राष्ट्रीय स्टेडियममा हिजो राति खेलिएको आइपीएल म्याचमा लखनाउ सुपर जाइन्टले सनराइजर्स हैदराबादलाई 5 विकेटले पराजित गर्यो। 191 रनको विजय लक्ष्यलाई पछयाउँदै लखनउले 16.1 ओभरमा 5 विकेट गुमाएर 193 रन बनाउ जीत हासिल गर्यो। लखनऊका लागि निकोलस पुरनले सर्वाधिक 26 बलमा 70 रन बनाए। मिचेल मार्शले 31 बलमा 52 रन बनाए। पहिला बैटिंग गर्दै हैदरावादले निर्धारित 20 ओभरमा 9 विकेट गुमाएर 190 रन बनाएको थियो। हैदरावादका लागि ट्राविस हेडले लर्वाधिक 28 बलमा 47 रन बनाएका थिए तथा अंकित बर्माले 13 बलमा 36 रन बनाएका थिए। लखनउका लागि सरदुल ठाकूरले 4 विकेट लिए अनि उसलाई प्लेयर अफ द म्याच घेषित गरियो। हिजो खेलिएको एक अर्को म्याचमा चेन्नाईले मुम्बईलाई 4 विकेटले पराजित गर्यो। एक अर्को म्याचमा बेंगालोरले कोलकातालाई 7 विकेटले पराजित गर्यो।